## कार्यपालिका बैठक संख्या- १३

मितिः- २०८२।१२।२९

### निर्णयहरु

**निर्णय नं. १-** मिति २०८२।१।११ गतेको बैठक नं. १२ का निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समिक्षा गरियो।

**निर्णय नं. २-** चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत योजना तथा कार्यक्रमको हालसम्मको कार्यान्वयनका अवस्थाबारे छलफल एवं समिक्षा भयो। अन्तिम चौमाषिकको प्रथम महिना व्यतित हुनेबेला सम्म पनि योजना कार्यान्वयनको अवस्था सन्तोषजनक नभएको तर्फ कार्यपालिकाको ध्यानाकर्षण भई निर्माणाधीन तथा खरिद प्रकृयामा रहेका योजना/कार्यक्रमहरुलाई शिघ्र सम्पन्न गर्न जिम्मेवार सबैले यथोचित भूमिका निर्वाह गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ३-** योजना कार्यान्वयनका लागि पटकपटक ठेक्का आह्वान गर्दा समेत ठेक्का लाग्न नसकेका योजनाहरुको कार्यान्वयनका लागि नियमानुसारका अन्य खरिद विधि मार्फत खरिद गरी कार्यान्वयन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ४-** विजयनगर गाउँपालिकाबाट चालु आ.व. २०८२/०८३ को हालसम्म भए गरेका विकास निर्माण, कार्यालयसँग सम्बन्धित गुनासा तथा समस्या, सेवा प्रवाह लगायतका विषयमा आगामी मिति २०८३ बैशाख १० गते विहिबार १० बजे गाउँपालिका सभाहल खडैँचामा सार्वजनिक सुनुवाइ कार्यक्रम गर्ने निर्णय गरियो।

**निर्णय नं. ५-** यस गाउँपालिकाको लागि १ जना नगर प्रहरी सहायक निरीक्षकको पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल प्रहरी/सशस्त्र प्रहरी बल नेपाल/नेपाली सेनामा सो सरहको पदमा कार्यरत रहि सेवा निवृत्त भएका योग्य व्यक्तिहरुबाट पदपूर्ति गर्ने गरी खुल्ला दरखास्त आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. ६-** विजयनगर गाउँपालिका, गाउँ शिक्षा समितिको मिति २०८२।१२।१२ को ६०औं बैठकबाट **विद्यालयको माग र आवश्यकताका आधारमा मर्मत सम्भार तथा अन्य कार्यक्रम शिर्षक**बाट तपसिल बमोजिमका विद्यालयहरुलाई रकम विनियोजन गर्ने गरी भएको निर्णय अनुमोदन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिल**

| क्र.स. | विद्यालय नाम | विनियोजित रकम | शिर्षक | कैफीयत |
|---|---|---|---|---|
| १ | श्री हरिबोध माध्यमिक विद्यालय, विजयनगर-६, प्रेमनगर | रु. ३ लाख ५० हजार | शौचालय निर्माण | |
| २ | श्री त्रिनेत्र माध्यमिक विद्यालय, विजयनगर-७, मधुनगर | रु. १ लाख ५० हजार | शौचालय टंकी निर्माण | |
| ३ | श्री बघमरवा आधारभूत विद्यालय बघमरवा, विजयनगर-५, बघमरवा | रु. १ लाख | शौचालयमा पानी सप्लाई, गेट पेन्टिङ्ग | |
| ४ | श्री राम शरण आधारभूत विद्यालय, विजयनगर-६, जुडपनिया | रु. २ लाख | बाउण्डरी वाल /कुशन | |
| ५ | श्री महाकाली आधारभूत विद्यालय, विजयनगर-४, वेतनी | रु. १ लाख | अधुरो बाउण्डरी वाल | |
| ६ | श्री जन ज्योति आधारभूत विद्यालय, विजयनगर -७, मानपुर | रु. ९० हजार | कार्यालय व्यवस्थापन | |
| ७ | विजयनगर गाउँपालिकाको सबै संस्थागत विद्यालयहरुमा खेलकुद सामग्री व्यवस्थापन | रु. २ लाख | संस्थागत विद्यालयहरुमा खेलकुद सामग्री व्यवस्थापन | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ग) बमोजिम कार्यपालिका बैठक नं. १३ को निर्णय प्रमाणित गर्दछु

२०८२।१२।२९

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

आ.व.२०८२।०८३

## कार्यपालिका बैठक संख्या- १३

मितिः- २०८२।१२।२९

**निर्णय नं. ७-** चालु आ.व. २०८२/०८३ का लागि नेपाल जलवायु नमूना कार्यक्रम शिर्षकमा विनियोजित रकम रु. ५० लाखबाट **नेपाल नमूना जलवायु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२** को दफा १० बमोजिम तोकिएको विषयगत क्षेत्रका क्रियाकलापहरु विजयनगर गाउँपालिका वडा नं. १ अन्तर्गत सञ्चालन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ८-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | शिव मन्दिर व्यवस्थापन समिति | विजयनगर-७, गणेशपुर | प्राण प्रतिष्ठा एवं महोत्सव कार्यक्रम संचालन तथा व्यवस्थापन | रु. २०,०००।- (बिस हजार रुपैयाँ मात्र) | चाड पर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण |
| २ | थारु कल्याणकारिणी सभा, शिवराज नगर कार्य समिति | शिवराज, कपिलवस्तु | माघी (खिचडी) महोत्सव | रु. २०,०००।- (बिस हजार रुपैयाँ मात्र) | |
| ३ | फरेनी चोकमा सडक मर्मत तथा नाली निर्माण | विजयनगर-६, फरेनी | सडक मर्मत तथा नाली निर्माण | रु. १०,००,०००।- (दश लाख रुपैयाँ मात्र) | मागमा आधारित साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान |
| ४ | अरपित भट्टराई | विजयनगर-५, डालपुर | औषधोपचार खर्च | रु. २०,०००।- (बिस हजार रुपैयाँ मात्र) | मागमा आधारित सहयोग कार्यक्रम |
| ५ | सन्तोषी लोहार | विजयनगर-६ | औषधोपचार खर्च | रु. १०,०००।- (दश हजार रुपैयाँ मात्र) | |
| ६ | रचना माझी | विजयागर-४, ज्योतिनगर | औषधोपचार खर्च | रु. १०,०००।- (दश हजार रुपैयाँ मात्र) | |
| ७ | भगवान दाश केवट | विजयनगर-३, डगडई | बच्चाको पालन पोषण तथा दैनिक गुजाराका लागि सहयोग | रु. १०,०००।- (दश हजार रुपैयाँ मात्र) | |
| ८ | बल बहादुर थारु | विजयनगर-१ | पत्नी मन्कु थरुनीको औषधोपचार खर्च | रु. २०,०००।- (बिस हजार रुपैयाँ मात्र) | |
| ९ | अभिषेक राना | विजयनगर-१, थरौली | औषधोपचार खर्च | रु. ३०,०००।- ( तीस हजार रुपैयाँ मात्र) | |

२०८२।१२।२९

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. १३ को निर्णय प्रमाणित गर्दछु